स्वर्गद्वारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भिंग्री प्यूठान , लुम्बिनी प्रदेश, नेपाल

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०७९/०४/०१ देखि मिति २०७९/०९/३० सम्मको विवरण )

**१. निकायको स्वरुप र प्रकृति :**

स्वर्गद्वारी नगरपालिका नेपालको प्रदेश नंबर ५ अन्तर्गत प्युठान जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८२°४५' देखि ८२° ५७'३०" पूर्वी देशान्तर र २७°५३'३०"देखि २८°०३' उत्तरी अक्षांशमा अवस्थित रहेको छ । करीब २२४.७० व.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाकोउत्तरमा रोल्पा जिल्ला, पश्चिमतिर दाङ र रोल्पा जिल्ला र दक्षिणमा दाङ जिल्ला र माण्डवी गाउपालिका रहेको छ । साविकका गाविसहरु कोचीवाङ, स्वर्गद्धारी, भिंग्री, सारी, वेलवास, वर्जीवाङ र गोठीवाङ गाविसहरुलाई समेटेर मिती २०७३ फाल्गुन २२ गते स्वर्गद्वारीनगरपालिका घोषणा गरीएको थियो । उष्ण, समशितोष्ण र शितोष्ण हावापानी भएको यस स्वर्गद्धारीको अधिकतम तापक्रम ३३.५ डिग्री सेल्सियस, न्युनतम तापक्रम ११.८ डिग्री सेल्सियस रहेको पाईन्छ । सामुदायिक र संस्थागत गरी ९ वटा मावि, ७ वटा निमावि र ४१ वटा प्रावि गरी जम्मा ५७ वटा शिक्षण संस्थाहरु संचालित छन्। प्युठान जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा स्वर्गद्वारी नगरपालिका त छँदैछ यसका अतिरीक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाकोदरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

**२. निकायको काम, कर्तव्य र अधिकार :**

यस नगरपालिका नेपालको संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची–९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरू, समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू, ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरू समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**३) निकायमा रहने कर्मचारी विवरण :** यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np मा समेत राखिएको छ ।

**४) निकायबाट प्रदान गरिने सेवा :** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), निर्णयहरू तथा स्वर्गद्वारी नगरपालिकाको अविछिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारका रूपमा सेवा, सुविधाहरू प्रदान गरिरहेको छ ।

**५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :.**

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरू, समितिहरू, विभागहरू, शाखाहरू, उपशाखाहरू, ९ वटा वडा कार्यालयहरू, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरू रहेका छन् । नगरपालिकाको प्रमुख, उप-प्रमुख प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np मा उल्लेख गरिएको छ ।

**६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण स्वर्गद्वारी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय कानून, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्बन्धी व्यवस्था स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np मा समेत उल्लेख गरिएको छ ।

**७) निर्णय गर्ने प्रक्रिया र अधिकारी :**

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरू तथा समय समयमा हुने निर्णयहरूको अधीनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरूको कार्यविवरण स्पष्ट तोकिएको छ । नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, सम्पदा उपशाखा, र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८) निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस् नगरपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रीय स्तरमा निम्न बमोजिम गुनासो सुन्ने अधिकारी व्यवस्था गरिएको छ।

पद : प्रमुख प्रशासकीय अधिकृत

नाम : तुल्सीराम गैरे

सम्पर्क नं : ९८५७८३६१०१

९) सम्पादन गरेको कामको विवरण :

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारका रूपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारबाहीहरू गर्दै आइरहेको छ।

१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :

कार्यालय प्रमुखको नाम : तुल्सीराम गैरे

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : swargadwarimunicipality01@gmail.com

सम्पर्क नम्बर : ९८५७८३६१०१

सूचना अधिकारीको नाम : सौन्दर्य मणि सुबेदी

पद : सूचना प्रबिधि अधिकृत

सम्पर्क नम्बर : ९८४९९०८८५७

इमेल ठेगाना : subedi.saundarya@gmail.com

११) ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :

स्वर्गद्वारी नगरपालिकासंग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाहरुको परिकल्पना गरिरहेको छ। उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानूनी प्रबन्धहरुको विस्तृत सूची स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np मा समेत राखिएको छ।

१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरु स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np मा राख्ने गरिएको छ। वि.सं २०७९।०४।०१ देखि २०७९।०९।३१ सम्मको क्षेत्रगत बजेत तथा खर्च विवरण यस प्रकार रहेको छ।

| आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी (%) | मौज्दात | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
| संघीय सरकार | ३८,८६,००,०००.०० | २४,२३,१६,५९४.०० | ६२.३६ | १४,६२,८३,४०६.०० | चालु | ४८,०६,६५,९६१.३४ | १६,१२,२७,५०५.९९ | ३३.५४ | ३१,९४,३८,४५५.३५ |
| १३३११ समानिकरण अनुदान | ११,५७,००,०००.०० | ५,७८,५०,०००.०० | ५० | ५,७८,५०,०००.०० | २११११ पारिश्रमिक कर्मचारी | २१,७२,१६,७९६.०० | १०,०८,८१,३१२.८२ | ४६.४४ | ११,६३,३५,४८३.१८ |
| १३३१२ शसर्त अनुदान चालु | २४,२३,००,०००.०० | १६,११,६६,६००.०० | ६६.५२ | ८,११,३३,४००.०० | २१११२ पारिश्रमिक पदाधिकारी | १,२८,७७,८००.०० | ६७,७९,८६४.०० | ५२.६५ | ६०,९७,९३६.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २,०६,००,०००.०० | १,६६,३३,३२८.०० | ८०.७३ | ३९,६६,६७२.०० | २११२१ पोशाक | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,००,००,०००.०० | ६६,६६,६६६.०० | ६६.६७ | ३३,३३,३३४.०० | २११३१ स्थानीय भत्ता | १५,४३,०००.०० | ३,२६,९८०.०० | २१.१९ | १२,१६,०२०.०० |
| प्रदेश सरकार | ४,४३,२२,०००.०० | १,३९,८६,०००.०० | ३१.५६ | ३,०३,३६,०००.०० | २११३२ महंगी भत्ता | २४,००,०००.०० | १,७४,०००.०० | ७.२५ | २२,२६,०००.०० |
| १३३११ समानिकरण अनुदान | ६३,२२,०००.०० | ३१,६१,०००.०० | ५० | ३१,६१,०००.०० | २११३३ फिल्ड भत्ता | ६,९९,९९६.०० | २,०६,४५०.०० | २९.४९ | ४,९३,५४६.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,१०,००,०००.०० | २७,५०,०००.०० | २५ | ८२,५०,०००.०० | २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | ३०,७५,०००.०० | ४३.९३ | ३९,२५,०००.०० | २११३९ अन्य भत्ता | २१,२३,२९१.२८ | ५,०००.०० | ०.२४ | २१,१८,२९१.२८ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,००,००,०००.०० | ५०,००,०००.०० | २५ | १,५०,००,०००.०० | २११४१ पदाधिकारी बैठक भत्ता | १८,२५,०००.०० | ५,८१,८१०.०० | ३१.८८ | १२,४३,१९०.०० |
| राजस्व बाडफाड | १३,०२,१८,०००.०० | ३,९७,९५,५९२.५६ | ३०.५६ | ९,०४,२२,४०७.४४ | २१२१४ कर्मचारी कल्याण कोष | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११,५७,५१,०००.०० | ३,६२,८५,४००.११ | ३१.३५ | ७,९४,६५,५९९.८९ | २१२२२ पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३,००,०००.०० | ० | ० | ३,००,०००.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,४४,६७,०००.०० | ३५,१०,१९२.४५ | २४.२६ | १,०९,५६,८०७.५५ | २१२२३ पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १६,८०,०००.०० | ३,६५,७८५.०० | २१.७७ | १३,१४,२१५.०० |
| अन्तरिक श्रोत | १२,६३,६०,२६१.७१ | १०,६३,७५,१७७.७१ | ८४.१८ | १,९९,८५,०८४.०० | २२१११ पानी तथा बिजुली | ५,९०,०००.०० | २१,८५२.०० | ३.७ | ५,६८,१४८.०० |
| ११३१३ एकीकृत सम्पती कर | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० | २२११२ संचार महसुल | १४,८०,४००.०० | १,३८,५७१.०० | ९.३६ | १३,४१,८२९.०० |
| ११३१४ भुमिकर/मालपोत | ४०,००,०००.०० | १०,१४,९१६.०० | २५.३७ | २९,८५,०८४.०० | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३३,००,०००.०० | १३,५९,६५७.५८ | ४१.२ | १९,४०,३४२.४२ |
| ११३२१ घरवहाल कर | १०,००,०००.०० | ० | ० | १०,००,०००.०० | २२२१३ सवारी साधन मर्मत खर्च | २४,००,०००.०० | ६,९९,८१५.३० | २९.१६ | १७,००,१८४.७० |
| ११३२२ वहाल विटौरी कर | २०,००,०००.०० | ० | ० | २०,००,०००.०० | २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | ११,२००.०० | २.२४ | ४,८८,८००.०० |
| ११६९१ अन्य कर | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० | २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ८,००,०००.०० | ४,२६,८६९.०० | ५३.३६ | ३,७३,१३१.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ८०,०००.०० | ० | ० | ८०,०००.०० | २२३११ मसलन्द तथा | ४८,५०,०००.०० | ७,७९,०६४.२५ | १६.०५ | ४०,७०,९३५.७५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालय सामाग्री | | | | |
| १४२४२ नक्सापास दस्तुर | ९,००,० ००.०० | ० | ० | ९,००,०००. ०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००,०० ०.०० | ० | ० | ३,००,०००.० ० |
| १४२४३ सिफारिश दस्तुर | २५,००, ०००.० ० | ० | ० | २५,००,००० .०० | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३८,००,० ००.०० | ६,७३,०८९.० ० | १७.७१ | ३१,२६,९११. ०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५,२०,० ००.०० | ० | ० | ५,२०,०००. ०० | २२३१९ अन्य कार्यालय संचालन खर्च | ४,६९,०० ०.०० | ० | ० | ४,६९,०००.० ० |
| १४६११ व्यवसाय कर | १५,००, ०००.० ० | ० | ० | १५,००,००० .०० | २२४११ सेवा र परामर्श खर्च | ४,००,०० ०.०० | ० | ० | ४,००,०००.० ० |
| ३२१२१ नगद | ३०,००, ०००.० ० | ० | ० | ३०,००,००० .०० | २२४१३ करार सेवा शुल्क | १,०६,५८ ,४८९.०० | २४,३९,५१६. ०० | २२.८९ | ८२,१८,९७३. ०० |
| ३२१२२ बैंक मौज्दात | १०,५३, ६०,२६ १.७१ | १०,५३,६० ,२६१.७१ | १०० | ० | २२४१४ सरसफाईसेवा शुल्क | ५,७७,०० ०.०० | ० | ० | ५,७७,०००.० ० |
| जम्मा | ६८,९५, ००,२६ १.७१ | ४०,२४,७३ ,३६४.२७ | ५८.३७ | २८,७०,२६,८ ९७.४४ | २२५११ कर्मचारी तालिम खर्च | १५,७५,० ००.०० | ० | ० | १५,७५,०००. ०० |
| | | | | | २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३६,००,२ ००.०० | १४,१३,२८५. ०० | ३९.२६ | २१,८६,९१५. ०० |

| | | | | |
|---|---|---|---|---|
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | ५,००,०००.०० | ० | ० | ५,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | ७,५६,९६,०००.०० | ७७,३८,९७५.०० | १०.२२ | ६,७९,५७,०२५.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | ५५,७७,८००.०० | १,८३,९५०.०० | ३.३ | ५३,९३,८५०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ४४,२०,५००.०० | ३,२२,३३५.०० | ७.२९ | ४०,९८,१६५.०० |
| २२६१२ भ्रमण खर्च | ३०,००,०००.०० | १२,११,४८९.०० | ४०.३८ | १७,८८,५११.०० |
| २२७११ विविध खर्च | १,३७,७७,२००.०० | ५१,४१,७९०.४० | ३७.३२ | ८६,३५,४०९.६० |
| २२७२१ सभा सञ्चालन खर्च | १०,००,०००.०० | ० | ० | १०,००,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरू लाई सहायता | ३,७१,२९,०००.०० | १,३८,३६,७१५.०० | ३७.२७ | २,३२,९२,२८५.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५०,००,०००.०० | ० | ० | ५०,००,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ७९,१९,०००.०० | ० | ० | ७९,१९,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १३,००,०००.०० | ५,२३,१००.०० | ४०.२४ | ७,७६,९००.०० |
| २८१४९ अन्य भाडा | ५०,०००.०० | ६,०००.०० | १२ | ४४,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २८२१९ अन्य फिर्ता | १,५५,७०,४८९.०६ | १,४९,७९,०३०.६४ | ९६.२ | ५,९१,४५८.४२ |
| २८९११ भैपरी आउने चालु खर्च | ३,२२,६०,०००.०० | ० | ० | ३,२२,६०,०००.०० |
| पूंजीगत | २०,८८,३४,३००.३७ | ३,००,८२,१४९.९९ | १४.४ | १७,८७,५२,१५०.३८ |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | १,५३,००,०००.०० | ० | ० | १,५३,००,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३,९१,००,०००.०० | २७,१९,९८२.९२ | ६.९६ | ३,६३,८०,०१७.०८ |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | २०,९०,०००.०० | १४,९८,४००.०० | ७१.६९ | ५,९१,६००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ९४,७०,०००.०० | ३९,२०,१५३.४६ | ४१.४ | ५५,४९,८४६.५४ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ५०,९६,०००.०० | ० | ० | ५०,९६,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ३,७५,०००.०० | ९८,३१०.०० | २६.२२ | २,७६,६९०.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | ३०,००,०००.०० | ३,६९,७९२.०० | १२.३३ | २६,३०,२०८.०० |

| | | | | |
|---|---|---|---|---|
| ३११५१ सडक तथा पूल निर्माण | ७,३३,९३,०००.०० | १,११,१४,३८७.०० | १५.१४ | ६,२२,७८,६१३.०० |
| ३११५३ विद्युत संरचना निर्माण | ३,५०,०००.०० | ० | ० | ३,५०,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ५०,०००.०० | ० | ० | ५०,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ५१,३०,०००.०० | ४,४०,०४०.०० | ८.५८ | ४६,८९,९६०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,०३,९८,३००.३७ | ० | ० | १,०३,९८,३००.३७ |
| ३११५८ सरसफाई संरचना निर्माण | ६,५०,०००.०० | ४,०५,०८४.६१ | ६२.३२ | २,४४,९१५.३९ |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ३,९०,३५,०००.०० | ९३,९१,०००.०० | २४.०६ | २,९६,४४,०००.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५३,९७,०००.०० | १,२५,०००.०० | २.३१ | ५२,७२,०००.०० |
| जम्मा | ६८,९५,००,२६१.७१ | १९,१३,०९,६५५.९८ | २७.७४ | ४९,८१,९०,६०५.७३ |

**१३) तोकिए बमोजिमको अन्य विवरण :**

**नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत स्वर्गद्वारी नगरपालिकाको वेबसाइट** www.swargadwarimun.gov.np **राखिएको छ ।**

**१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**

यस नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसंग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :**

स्वर्गद्वारी नगरपालिकासंग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारीका लागि स्वर्गद्वारी र नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np रहेको छ ।

**१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**

नेपाल सरकार, लुम्बिनी प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता भए/नभएको विवरण स्वर्गद्वारी नगरपालिकाको वेबसाइट www.swargadwarimun.gov.np रहेको छ ।

**१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :** नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू आ.व.२०७८/०७९ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ ।

**१८) सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरू नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :** **नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले नगरपालिकासंग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ । मिति २०७९।०४।०१ देखि मिति २०७९।०९।३१ गते सम्ममा सूचना माग नभएको ।**

(२०) **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :** **महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण स्वर्गद्वारी नगरपालिकाको वेबसाइट** www.swargadwarimun.gov.np **मा राख्ने गरिएको छ । रेडियो स्वर्गभूमि एफ.एम., र फेसबुक पेज** Sawargadwari Municipality मार्फत समेत नगरपालिका सम्बन्धी सूचना, तथ्यांक र गतिविधिहरू सार्वजनिक भइरहेका छन् ।